# वित्तिय सहायता नीतिको
# सरल भाषाको सारांश

## संक्षिप्त विवरण

UPMC ले आकस्मिक सहायता तथा अन्य चिकित्सकीय रूपमा आवश्यक स्याहार र यस स्याहारको लागि भुक्तान गर्ने नसक्ने व्यक्तिहरूलाई वित्तिय सहायता प्रदान गर्ने प्रतिबद्धता गरेको छ। तपाईं बीमाकृत व्यक्ति होइन वा बीमा पूरा नभएको व्यक्ति हुनुहुन्छ र तपाईंले योग्यता आवश्यकताहरू पूरा गर्नुहुन्छ भने, तपाईं वित्तिय सहायता प्राप्त गर्न सक्षम हुन सक्नुहुनेछ। तपाईंको लागि आफ्नो व्यक्तिगत खर्चमा भुक्तान गर्न वित्तिय कठिनाई भएको देखिएमा पनि तपाईं वित्तिय सहायता प्राप्त गर्न सक्षम हुन सक्नुहुनेछ। UPMC ले स्वास्थ्य स्याहार सेवाहरू आवश्यक भएका व्यक्तिहरूको आर्थिक क्षमताको कारणले गर्दा उनीहरूलाई स्याहार खोज्न वा प्राप्त गर्न बाट रोक्दैन भनी निश्चित गर्न संघर्ष गर्छ। यो UPMC वित्तिय सहायता नीति (FAP) को सारांश हो।

## वित्तिय सहायताको उपलब्धता

तपाईंले बीमा गर्नु भएको छैन, बीमा भन्दा बाहिर हुनुहन्छ वा UPMC मा तपाईंले प्राप्त गरेको आकस्मिक र अन्य चिकित्सकीय रूपमा आवश्यक स्याहारको लागि आफ्नो व्यक्तिगत खर्चमा पूरा भुक्तान गर्न आर्थिक रूपमा कठिनाई हुनेछ भने तपाईं वित्तिय सहायता प्राप्त गर्न सक्षम हुन सक्नुहुनेछ। प्रत्यारोपण, कस्मेटिक सेवा र अन्य सेवाहरू सहित, तर यतिमा सीमित भने होइन, वित्तिय सहायताका लागि विशिष्ट रूपमा योग्य नभएका निश्चित सेवा अपवादहरू छन् भनी कृपया ध्यान दिनुहोस्।

## योग्यता आवश्यकताहरू

वित्तिय सहायता सामान्यतया आवश्यकताको आधारमा निर्धारण गरिन्छ जुन *संघीय गरीबी स्तर (FPL)* र बिरामीको उत्तरदायित्वको मात्राको आधारमा घरायसी आम्दानीको समीक्षाद्वारा निर्णय गरिन्छ। तपाईं र/वा उत्तरदायी पक्षको आम्दानीको समायोजन संघीय गरीबी सिद्धान्तको 250% वा सो भन्दा कम छ भने, UPMC द्वारा दिने स्याहारको लागि तपाईंसँग कुनै पनि वित्तिय उत्तरदायित्व हुनेछैन। तपाईंको आम्दानी 250 र 400% को बीचमा छ भने, तपाईंले प्रदायकद्वारा दिइने स्याहारको लागि छुटको दर प्राप्त गर्न सक्नुहुन्छ। FAP अन्तर्गत वित्तिय सहायताको लागि योग्य नभएको व्यक्तिलाई आकस्मिक वा अन्य अनिवार्य मेडिकल स्याहारका लागि यस्ता स्याहार कभर गर्ने बीमा भएका व्यक्तिको सामान्य बिल रकमभन्दा धेरै शुल्क लगाइनेछ। तपाईं यस अगावै सरकारी उपचारको निश्चित प्रकारहरूको लागि चुनिनु भएको छ भने, हामीले यस निश्चित मामिलाहरूमा वित्तिय सहायताको लागि तपाईंको योग्यताको अनुमान गर्न सक्नेछौं। तपाईंसँग यथेष्ट बीमा कभरेज छ वा आफ्नो स्याहारको लागि भुक्तान गर्न पर्याप्त आम्दानी गर्न प्रतिबद्ध हुनुहुन्छ भने, तपाईं वित्तिय सहायताको लागि योग्य हुन सक्नुहुनेछैन। कृपया पूर्ण वर्णन तथा विवरणहरूको लागि पूरा नीति अध्ययन गर्नुहोस्।

**जानकारी कहाँ प्राप्त गर्ने**

FAP आवेदन प्रक्रिया बारेमा जानकारी प्राप्त गर्ने विभिन्न तरिकाहरू छन् वा FAP को प्रतिलिपिहरू वा FAP आवेदन फाराम लिनुहोस्। वित्तिय सहायताको लागि आवेदन दिन, तपाईंलाई निम्न कुराहरू आवश्यक हुन्छ:

- **UPMC.com/PayMyBill** मा जानकारीलाई अनलाइन डाउनलोड गर्नुहोस् र "हाम्रो वित्तिय सेवाहरूको बारेमा थप जान्नुहोस्" चयन गर्नुहोस्।
- लिखित पत्राचार मार्फत वा UPMC Quantum 1 Building, 2 Hot Metal Street, Pittsburgh, PA 15203 मा स्थित बिरामी वित्तिय सेवा केन्द्र (Patient Financial Services Center) UPMC मा गएर जानकारी वा सहायताको अनुरोध गर्नुहोस्।
- हाम्रो फोन नम्बर **1-800-371-8359**, विकल्प #2 मा फोन गरी जानकारी वा सहायताको अनुरोध गर्नुहोस्।

**अनुवादनहरूको उपलब्धता**

वित्तिय सहायता नीति, निवेदन फाराम र सरल भाषाको सारांश अङ्ग्रेजी, स्पेनी, अरबी, फ्रेन्च, इटालीएन, नेपाली, रसियन, चिनियाँ, ठूलो प्रिन्ट र ब्रैलमा प्रदान गर्न सकिन्छ। UPMC ले तपाईंलाई अनुवादन सहायताहरू; अनुवादनका निर्देशनहरू दिन सक्नेछ वा अनुरोध गरे बापत योग्य द्विभाषी दोभाषेको प्रयोग गरी सहायता उपलब्ध गराउँछ UPMC को वित्तिय सहायता कार्यक्रम र अनुवादन सेवाहरूको बारेमा जानकारीको लागि, कृपया **1-800-371-8359**, विकल्प #2 मा सम्पर्क गर्नुहोस्।

**आवेदन कसरी दिने**

वित्तिय सहायताको फाराम भरी र सहायक कागजातहरूको साथमा फारामलाई प्रक्रियाको लागि UPMC मा पेश गरी आवेदन कार्य पूरा हुन्छ। तपाईंले तल सूचित ठेगानामा स्थित बिरामी वित्तिय सेवा केन्द्रमा गएर पनि आवेदन दिन सक्नुहुन्छ। वित्तिय सहायताका आवेदनहरू निम्न कार्यालयमा पेश गर्नुपर्छ:

बिरामी वित्तिय सेवा केन्द्र<br>
UPMC<br>
Quantum 1 Building<br>
2 Hot Metal Street<br>
Pittsburgh, PA 15203